फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०७७-०७८

चलानी नं. :- ४४४

मिति २०७७/०६/२०

यूएसएआईडी/तयार नेपाल
काठमाण्डौ

**विषय :-** तयार परियोजना अर्न्तगत प्रस्तुत गरिएको लाभग्राहि चयन निर्देशिका र योजना छनौट मापदण्ड स्विकृति सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तयार नेपाल द्धारा तयार पारिएको लाभग्राहिं चयन निदेर्शिका र योजना छनौट मापदण्डका बारेमा नगरपालिकाले मिति २०७७ असोज १९ गते सवै विषयगत क्षेत्रका प्रमुख, नगरका सरोकारवाला संग छलफल गरि कामका लागी नगद कार्यक्रममा सहभागि हुने लाभग्राहिहरु छनौट र योजना छनौट प्रस्तुत गरिएको मापदण्डको आधारमा संचालन गर्न स्विकृति प्रदान गरिएकोछ ।

०७७-०६-२०

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

# तयार नेपाल परियोजनाको लागि लाभग्राही चयन निर्देशिका

वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा तयार गरिएको

सेप्टेम्बर २०२०

नगर कार्यपालिकाको कार्यालय
चन्द्रपुर नगरपालिका
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

# विषयसुची


विषयसुची.......ii

एक्रोनिमहरू.......ii

१. परियोजना परिचय .......1

२. लक्षित क्षेत्रका जनसंख्या र परियोजना कभरेजमा .......1

३. निर्देशिकाको उद्देश्य .......1

४. लाभग्राही छनौट मापदण्डको आधार .......1

५. लाभग्राही चयन मापदण्डमा वर्ल्ड भिजन (World Vision) को विगतको अनुभव .......3

६. लाभग्राही छनौट मापदण्डका लागि मुख्य सन्दर्भहरुः .......4

७. प्रस्तावित लाभार्थी छनौट मापदण्ड .......4

श्रमका लागि नगदका मापदण्डहरु.......4

सर्त अनुदानका लागि मापदण्डहरु.......5

अन फार्मका (On-Farm) लागिः .......5

अफ-फार्मका (Off- Farm) लागिः .......5

डकर्मी/ज्यामी / मिस्तिरीका लागि : .......6

लाभग्राहीहरू छनौट गर्दा विशेष ध्यान दिनुपर्ने कुराहरु .......6

८. लाभग्राही छनौट गर्ने प्रक्रिया/चरणः .......7

९. विचार गर्नुपर्ने क्षेत्र : .......7

## एक्रोनिमहरू

| | |
|---|---|
| DFID | अन्तर्राष्ट्रिय विकास विभाग |
| GESI | लैंगिक समानता र सामाजिक समावेशीता |
| GoN | नेपाल सरकार |
| HHs | घर परिवार |
| IG | Implementing Grantee |
| I / NGO | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर-सरकारी संगठन |
| LGs | स्थानीय सरकार |
| PASSA | Participatory Approach for Safe Shelter Awareness |
| WV | वर्ल्ड भिजन |
| WVIN | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल |

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

प्रमुख ... अधिकृत

## १. परियोजना परिचय

तयार नेपाल परियोजना अन्तर्गत वर्ल्ड भिजन इन्टरनेशनल (WV) ले "नगद हस्तान्तरण कार्यक्रम प्राविधिक सहयोग कम्पोनेन्ट ३, उद्देश्य २ कार्यहरू: कोविड १९ प्रतिकार्यका क्रियाकलाप" लाई कार्यान्वयन गर्ने छ। जस अन्तर्गत एक अत्यावश्यक लक्ष्य सहित, द्वितीय तहको कोविड १९ का प्रभावहरुलाई लेखाजोखा तथा प्रतिकार्य गर्न नेपालको प्रकोप प्रतिकार्य तथा पुनरुत्थान प्रणलीलाई शसक्त पार्न प्राविधिक सहयोग उपलब्ध गराउने छ।

लाभग्राही छनौट मापदण्डमा स्पष्ट प्राविधिक मार्गदर्शन प्रदान गर्न, यो निर्देशिका तयार पारिएको छ र सबै प्राविधिक र कार्यान्वयन गर्ने साझेदारहरूले परियोजना कार्यान्वयनको क्रममा लाभग्राहीहरूको छनौट गर्दा प्रयोग गर्ने अपेक्षा गरिएको छ।

## २. लक्षित क्षेत्रका जनसंख्या र परियोजना कभरेजमा

यो परियोजना १० जिल्लाका १२ नगरपालिकाहरुमा लागु हुने छ। जनगणना २०११ अनुसार, परियोजना लागु हुने क्षेत्रहरुमा जम्मा २१८,८६२ घरधुरी, १,०३३,६०१ जनसंख्या छन् जसमा पुरुष ५०७६५० (४९%) र महिला ५१% (५२५,९५०) रहेको छ भने परियोजना क्षेत्रमा 'खाद्य सुरक्षा' भएको परिवारहरू जम्मा १३% (२८८४५ परिवार) छन्।

प्रस्तावित परियोजनाले कुल ४३८७ लाभग्राहलाई लक्षित गरेको छ जसमा प्रत्येक स्थानीय सरकार इकाईका करिब ३६६ लाभग्राहीहरु छन्। कुल लाभग्राही संख्या मध्य कामका लागि नगद परियोजनामा जम्मा २४४४, ससर्त नगद अनुदानका लागि १८९३ र डकर्मी प्रशिक्षणका लागि ५० जना (२५/२५ जना दुल्लू र चन्द्रपुर नगरपालिकाका लागि) छुट्याइएको छ।

## ३. निर्देशिकाको उद्देश्य

सही लाभग्राही छनौट गर्न प्राविधिक मार्गदर्शन दिनका लागि परियोजनाको प्रकृती र प्रतिकार्यको प्रकार अनुसार यो निर्देशिका तयार पारिएको छ। यसका बिशिष्ट उद्धेश्य यसप्रकार छन्।

१. समुदायमा लाभग्राही छनोट गर्ने कममा हुन सक्ने सम्भावित जोखिम न्युनिकरण गर्ने
२. सहि लाभग्राही छनोटका लागि तर्क संगत स्पष्ट आधार प्रदान गर्ने
३. परियोजनाको कियाकलाप अनुसार वर्गीकृत लाभग्राही चयन मापदण्ड प्रदान गर्ने
४. लाभग्राही छनोटका लागि आवश्यक प्रकिया तथा आधार प्रदान गर्ने

## ४. लाभग्राही छनौट मापदण्डको आधार

लाभग्राही छनौट मापदण्डको विकास गर्ने क्रममा कोभिड १९ को प्रभावलाई लेखाजोखा गर्नको लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गरेका विभिन्न अध्ययनहरूलाई ध्यानपूर्वक समीक्षा गरिएको थियो। अध्ययनहरूले महामारीको आर्थिक प्रभाव विनाशकारी हुने प्रष्टरुपमा जनाएको र दैनिक पारिश्रमिकमा आश्रीत, आप्रवास बाट फर्केका र आधारभूत रूपमा समुदायका सामाजिक र आर्थिक रुपमा सीमान्तकृत समुदायबाट आएका व्यक्तिहरूमा यो झनै विकराल भएको संकेत गरेको छ। यस परियोजनाको लागि पनि लेखाजोखा भइरहेको छ र उक्त मूल्यांकनको प्रारम्भिक निष्कर्षहरू पनि सन्दर्भ बुझ्नको लागि यहाँ वर्णन गरिएको छ।

यहाँ उल्लेख गरिएको सन्दर्भले कोभिड १९ को प्रभावलाई बुझ्नको लागि ठोस आधार प्रदान गर्ने छ र सघन प्रक्रियालाई मूलधारमा ल्याई लाभग्राही छनौट मापदण्ड परिभाषित गर्नका लागि सहयोग गर्नेछ ।

**सन् २०२० May महिनामा DFID को लागि गरिएको द्रुत आवश्यकता लेखाजोखा अनुसार**

- ❖ सबैभन्दा बढी प्रभावित आर्थिक समूह दैनिक पारिश्रमिक श्रममा निर्भर गर्ने परिवार (कुल उत्तरदाताहरुका ४३ % देखिएको थियो भने अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित समुदाय, बालबालिका र बद्ध-बृद्धा जनसंख्या पनि जोखिममा रहेको देखियो ।
- ❖ मासिक औसत घरेलु आम्दानीमा ७७% सम्म ह्रास आएको देखियो ।
- ❖ सर्वेक्षण गरिएको परिवार मध्ये केवल १५% परिवारसँग मात्र १२ महिनाको लागि पर्याप्त खाना थियो ।
- ❖ आधा भन्दा बढी उत्तरदाताहरू (५३%) ले कृषिजन्य उत्पादनहरू जस्तै खाद्यान्नको मूल्य हालका दिनमा उल्लेखनीय रूपमा बढेको बताए

**सन् २०२० June महिनामा गरिएका विस्तृत आवश्यकता लेखाजोखा COVID 19 , ले निम्न तथ्य देखाएको छ**

- ❖ परिवारहरूले मासिक आयमा लगभग ६८% ले गिरावट भएको महसुस गरेका छन् ।
- ❖ महामारी भन्दा पहिले परिवारमा आर्थिक रूपले सक्रिय व्यक्तिको औसत संख्या १.५९ थियो जुन COVID-19 को प्रकोप पछि ०.८. मा सिमित छ ।
- ❖ आर्थिक अवस्था कमजोर भएका १० परिवार मध्ये महामारी पछि, ७ परिवारका (७० प्रतिशत) आमाबुबा आफ्ना बच्चाहरूलाई आधारभूत आवश्यकताहरू प्रदान गर्न असक्षम देखिएको छ ।

**द्रुत आवश्यकता लेखाजोखा, २०२० July महिनाको रिपोर्ट**

- ❖ COVID 19 ले १० मध्ये ९ परिवारको आयको स्रोतलाई गम्भीर रूपमा प्रभाव पारेको छ र करीव ६७ प्रतिशत परिवारहरू आधारभूत आवश्यकताहरू पूरा गर्न असमर्थ छन् ।
- ❖ सबैभन्दा बढी प्रभावित हुने आर्थिक स्रोतहरूमा दैनिक ज्यालादारी बाला सबैभन्दा बढी प्रभावित (६०%) छ भने कृषि र पशुधन भएका आधा परिवार पनि दोस्रो बढी प्रभावित भएका छन् (४८%) ।

**यस परियोजनाको चलिरहेको मूल्यांकनको प्रारम्भिक खोजले पनि निम्न तथ्य देखाउँदछ :**

- COVID-19 पछि सर्वेक्षण गरिएका परिवारहरूको बीचमा औसत कमाई गर्ने सदस्यहरूको संख्या २४% ले (१.७४ बाट १.३३ सम्म) घटेको छ।
- रु १५,००० (१२८$ अमेरिकी डलर) भन्दा कम कमाउने घरपरिवारको प्रतिशत दुई गुणा भन्दा बढिले बढेको छ। त्यस्तै, एक महिनामा रु ३०,००० (अमेरिकी डलर २४६) भन्दा बढी प्राप्त गर्ने परिवारको प्रतिशत आधा भन्दा बढीले घटेको छ।
- सबैभन्दा बढी प्रभावित हुने आर्थिक आम्दानीको स्रोत दैनिक मजदुर श्रम ( ३७.३ %), कृषि उत्पादन (२४%) हो।
- ६४% उत्तरदाताहरू उनीहरूको नभइनहुने आवश्यकताहरू प्रबन्ध गर्न सक्षम छैनन्।
- सर्वेक्षणको क्रममा हरेक चौथो परिवारमा लगभग एकसँग खाद्यान्नको मौज्दात नै थिएन , १०% सँग एक हप्ता भन्दा कम समयको लागि मात्र खाद्य मौज्दात थियो २३% मा मात्र एक महिना भन्दा बढीको लागि खाद्य मौज्दात थियो।
- खोजले थप सुझाव यो दिन्छ कि बृद्धबृद्धाको घरमूली भएको घरपरिवार गम्भीर खाद्यान्न अभावमा छन्।

समग्रमा, बिभिन्न अध्ययनहरूको निष्कर्ष जीविकोपार्जनमा प्रभाव सम्बन्धि केही समान परिणामहरूसँगै आएका छन् साथै ती व्यक्तिहरूको समूह पनि देखाउँदछ, जो यस महामारीले सबैभन्दा बढी प्रभावित भएका छन्। तसर्थ, लाभग्राही छनौट मापदण्डको बनाउने कममा यी खोजहरूका नतीजालाई अधिक विचार गरिएको छ।

## ५. लाभग्राही चयन मापदण्डमा वर्ल्ड भिजन (World Vision) को विगतको अनुभव

वर्ल्ड भिजन नेपाल सँग आफ्नो परियोजना गतिविधिमा सही लाभग्राहीहरूको छनौटको लामो अनुभव छ र ती अनुभवहरूलाई पनि यस कार्यक्रमका लागि लाभग्राही छनौट मापदण्डको विकास गर्ने प्रक्रियामा समेटिएको छ। वर्ल्ड भिजन इन्टरनेशनल नेपाल सँग प्रोग्राम र प्रोजेक्ट विकासमा का संदर्भमा नियमित र मानवीय प्रतिकार्य दुवैमा छुट्टै अनुभव छन्। र दुबै मा निहित वर्ल्ड भिजन का लाभग्राही छनौट मापदण्डहरुको समीक्षा गरियो र यस मापदण्डको विकासको क्रममा सन्दर्भको रुपमा लिइएको छ।

हाले वर्ल्ड भिजन इन्टरनेशनल नेपालले कोभिड इमरजेन्सी रेस्पोन्स (कभर) प्रोजेक्ट (एनसीपी) मा लाभग्राही निम्न मापदण्ड अपनाउँदै छनौट गरिएका थिए

१. आप्रवास बाट घर फर्केकाहरुको परिवारहरु

२. आर्थिक रूपमा अत्यन्तै कमजोर परिवारहरू

३. अशक्तता भएका व्यक्तिहरू

४. महिला र बालबालिका मूली भएका घरहरु

५. संक्रमित र क्वारंटाइनमा रहेका सदस्यको परिवार

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

यसबाहेक, 'नियमित विकास कार्यक्रम' को लागि लाभग्राही छनौटको लागि वर्ल्ड भिजन नेपाल को WVIN मापदण्डहरू निम्नानुसार छन्

१. आधारभूत आवश्यकताहः पीपी आई, खाद्य सुरक्षा

२. बहिष्करणः जातीयता, अशक्तता र घरमुली

३. पहुँचः शिक्षा र स्वास्थ्य

४. प्रकोपः संकटासन्नता तथा उत्थान या पुनरुत्थान क्षमता

**६. लाभग्राही छनौट मापदण्डका लागि मुख्य सन्दर्भहरुः**

माथि उल्लेखित पृष्ठभूमिअनुसार निम्नलिखित मुख्य सन्दर्भहरू यस परियोजनाको लाभग्राही छनौट मापदण्ड विकास गर्न लागि लिइएका हुन्:

१. कोविड १९ का कारण पर्न गएको प्रभावहरू प्रति विभिन्न लेखाजोखाबाट देखाएका तथ्यहरु

२. वर्ल्ड भिजन नेपालका नियमित विकास र प्रतिकार्यात्मक कार्यक्रमको लाभग्राही छनौट मापदण्ड

३. प्रस्तावित परियोजनाको प्रकृति

४. कोविड १९ का कारण प्रभावित आर्थिक र सामाजिक संकटासन्नताहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता

**७. प्रस्तावित लाभार्थी छनौट मापदण्ड**

पस्तावित परियोजना लागि यहाँ उल्लेखित गरिएको लाभग्राही छनौट मापदण्डलाई यस परियोजनामा संलग्न सबैले पालन गर्नुपर्नेछ । यिनीहरु प्रस्तावित प्राथमिक मापदण्ड हुन् जसलाई सम्बन्धित स्थानीय तह सरकारी एकाईमा अनुमोदन भए पछि लागु हुनेछन । तथापी, कार्यान्वयनको कममा केही स्थानीय सन्दर्भमा कुनै विषय महत्वपुर्ण या सान्दर्भिक भएमा बेवास्ता गरिनु हुँदैन् ।

प्रत्येक नगरपालिकाको जनसांखिक विविधता हुन्छ जस्तै लिंग, उमेर, जात थर, भाषा र अपांगता भएको परिवार । त्यस्तै गरी लाभग्राही र योजना छनौटमा पनि प्रतेक नगरपालिकामा मानिसको आवश्यकाता र माहामारीको असर अनुसार फरक हुन सक्दछ । अति संकटासन्न मानिसको आवश्यकता र जनसांखिक बनोट अनुसार महिला र अन्य बहिष्कृत समूहहरु (दलित, आदिबासी, जनजाति, मूश्लिम, अपांगता भएको व्यक्ति, जेष्ठ नागरिक, लैगिक वा यौनिक अल्पसंख्यक, दुर्गम स्थानका बासिन्दा) लाइ समावेश गर्न विशेष ध्यान दिइने छ ।

प्रस्तावित मापदण्डका साथ, यस निर्देशिकाले केहि त्यस्ता क्षेत्रमा पनि जोड दिएको छ जुन अनिवार्य रुपमा विषेश ध्यानका साथ पालना गर्नुपर्दछ । हरेक कियाकलापका लागि निश्चीत मापदण्डहरु निम्न बमोजिम छन् ।

**श्रमका लागि नगदका मापदण्डहरु**

- भूमिहीन र अति गरिब, जहाँ अति गरिब भनेको तराई क्षेत्रमा ३ कठ्ठा र पहाडि क्षेत्रमा ५ रोपनी भन्दा कम उत्पादक जमिन भएको परिवारलाई बुझाँउछ।
- दैनिक ज्याला मजदुर गर्ने

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

- विदेशबाट फर्केका आप्रवासी
- अपाङ्गता भएका व्यक्ति वा अपाङ्ग सदस्य भएका परिवार वा अपाङ्गता भएका व्यक्ति मूली भएको परिवार (अनुगमन वा रेकर्ड राख्ने काम गराउन सकिने )
- स्तनपान गराउने वा गर्भवती महिला जो दैनिक ज्यालादारीवाट कमाई जिविका गर्ने महिला कामदार वा उनीहरुको परिवारका अन्य सदस्य
- एकल महिला वा एकल महिला घरमूली भएका परिवार
- कोविड १९ को कारणले रोजगार गुमाएका व्यक्तिहरु
- अनौपचारिक क्षेत्रका कामदार : जस्तै अरुको घरमा सरसफाइ गर्ने, भाँडा माझ्ने, लुगा धुने ।
- दलित, आदिबासी, जनजाति, मूश्लिम समुदायका व्यक्तिहरु
- जेष्ठ नागरिक घरमूली भएका परिवार
- लैगिक वा यौनिक अल्पसंख्यक
- दुर्गम स्थानका बासिन्दा (बाढी, पहिरो, वा अरुकुनै प्रकोपको जोखिममा रहेका)

**सर्त अनुदानका लागि मापदण्डहरु**

**अन फार्मका (On-Farm) लागिः**

- कृषि तथा पशुपालन मा निर्भर परिवार - (जुन परिवारसँग तराईको हकमा कम्तीमा ३ कठ्ठा वा पहाडि क्षेत्रमा ५ रोपनी उत्पादक जमिन भएको परिवार)
- महिला घरमूली भएका परिवार
- जेष्ठ नागरिक घरमूली भएका घरपरिवार
- कुनै प्रकारको अपाङ्गता भएका व्यक्ति (जो जिविकोपार्जन कार्य सुरुआत गर्न सक्षम छ) वा अपाङ्ग सदस्य भएका परिवार
- सामाजिक रूप बाट बहिष्कृत जातय समूह, जस्तै दलित दलित, आदिबासी, जनजाति, मूश्लिम, वा अन्य अल्पसंख्यक समूह
- एकल महिला वा एकल महिला घरमूली भएका परिवार
- लैगिक वा यौनिक अल्पसंख्यक घरमूली भएका परिवार
- विदेशबाट फर्केका आप्रवासी ले संचालन गरेका कृषिजन्य उद्यम (कृषि /पशुपालन)
- दुर्गम स्थानका बासिन्दा (बाढी, पहिरो, वा अरुकुनै प्रकोपको जोखिममा रहेका)

**अफ-फार्मका (Off- Farm) लागिः**

- विदेशबाट फर्केका आप्रवासी
- कोविड १९ को कारणले गर्दा जिविकोपार्जनको अवसर गुमाएका घरपरिवार
- स्तनपान गराउने /गर्भवती महिला
- एकल महिला वा एकल महिला घरमूली भएको परिवार

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

- सामाजिक रूप बाट बहिष्कृत जातीय समूह, जस्तै दलित दलित, आदिबासी, जनजाति, मुश्लिम वा अन्य अल्पसंख्यक समूह
- महिला घरमूली भएका घरपरिवार
- जेष्ठ नागरिक घरमूली भएका घरपरिवार
- घरभाँडा तिरेर सानो व्यवसाय गरिरहेका व्यक्तिहरु
- अनौपचारिक क्षेत्रका कामदार : जस्तै अरुको घरमा सरसफाइ गर्ने, भाँडा माझ्ने, लुगा धुने ।
- अपाङ्गता भएका व्यक्ति वा अपाङ्ग सदस्य भएका परिवार वा (जो जिविकोपार्जन कार्य सुरुआत गर्न सक्षम छ) अपाङ्गता भएका व्यक्ति मूली भएको परिवार
- लैगिक वा यौनिक अल्पसंख्यक
- दुर्गम स्थानका बासिन्दा (बाढी, पहिरो, वा अरुकुनै प्रकोपको जोखिममा रहेका)

**डकर्मी/ज्यामी / मिस्तिरीका लागि :**

- युवा र विदेशबाट फर्केका पुरुष र महिला आप्रवासी
- निर्माण कार्यमा कार्यरत श्रमिक
- PASSA (Participatory Approach for Safe Shelter Approach) मा सहभागी भएका व्यक्तिहरु
- एकल महिला वा एकल महिला घरमूली भएका घरपरिवार
- दलित दलित, आदिबासी, जनजाति, मूशिलम र अन्य बहिष्कृत समूह
- जेष्ठ नागरिक घरमूली भएका घरपरिवार
- अपाङ्गता भएका व्यक्ति वा अपाङ्ग सदस्य भएका परिवार वा (जो जिविकोपार्जन कार्य सुरुआत गर्न सक्षम छ,)
- लैगिक वा यौनिक अल्पसंख्या
- दुर्गम स्थानका बासिन्दा (बाढी, पहिरो, वा अरुकुनै प्रकोपको जोखिममा रहेका)

**लाभग्राहीहरू छनौट गर्दा विशेष ध्यान दिनुपर्ने कुराहरु**

जसले माथि उल्लेख गरिएको मापदण्ड पूरा गर्दछ तर अझै तल उल्लेख गरिएको अन्तर्गत परेको खण्डमा यस परियोजना को लाभग्राहि को रूपमा मानिने छैन।

- आर्थिक स्थिति बलियो भएको व्यक्ति वा परिवार जस्ले प्रति महिना औसत रु ५००० भन्दा बडी कमाउछ ( प्रती दिन १.२५ अमेरीकी डलर बराबरको आमदानी गर्ने, NLSS, 2011)
- अरु गैरसरकारी संस्थाबाट नगद सहयोग प्राप्त गरेको व्यक्ति वा परिवार
- यस परियोजना अन्तर्गतका कार्यक्षेत्रमा व्यक्ति वा परिवार दोहोरिनु नहूने

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख-प्रशासकीय अधिकृत

**८. लाभग्राही छनौट गर्ने प्रक्रिया/चरण:**

स्थानीय सरकारलाई लाभग्राही छनौट प्रक्रियामा उत्तरदायी बनाउनका निमित्त परियोजना कार्यान्वयन गर्ने संस्थाहरूद्वारा निम्नलिखित चरणहरूको पालना गर्नुपर्दछ ।

- चरण १: स्थानीय सरकारलाई लाभग्राही छनौट मापदण्डमा सहभागी एवं लिखित समर्थन गराउने/प्राप्त गर्ने
- चरण २: परिभाषित छनौट मापदण्ड अनुसार प्रत्येक किसिमका योजनाको लाभग्राहीहरूको सूची तयार गर्ने ( स्थानीय सरकारले यदि त्यस्ता प्रभावित व्यक्ति र परिवारहरूको सूची यस अघिनै तयार गरिसकेको रहेछ भने उपयूक्त सूचिका लागि स्थानीय सरकारको परामर्श लिने )
- चरण ३: जगेडा सूची (संभावित ड्रप आउट को सूची ) पनि सुनिश्चित गरेको हुनुपर्ने
- चरण ४: लाभग्राहीहरूको अन्तिममा सूची (मुख्य सूची र जगेडा सूची ) स्थानीय सरकारद्वारा समर्थन (सही छाप) हुनुपर्ने
- चरण ५: Implementing Grantee हरूद्वारा CommCare application प्रयोग गरी लाभग्राहीहरु दर्ता गरेको हुनुपर्ने ।

**९. विचार गर्नुपर्ने क्षेत्र :**

- लाभग्राही छनौटको पद्धति/दृष्टिकोण : परियोजनाको प्रकृति हेर्दा, क्लस्टर (एकत्रित तरीका) लाभग्राही छनौटको लागि अधिक मात्रामा उपयूक्त हुन जाने देखिन्छ जसकारण लाभग्राही दर्ता, योजना कार्यान्वयन, अनुगमन, नगद वितरण, वितरण पश्चातको अनुगमन सर्वेक्षणसजिलै रूपले गर्न सकिन्छ ।

- लैङ्गिक समानता र सामाजिक समावेशिता (GESI) : यस परियोजनामा लैङ्गिक समानता र सामाजिक समावेशिता अपनाउन अत्यन्तै आवश्यक छ । त्यसकारण, परियोजना संचालनसमूहले लाभग्राही छनौट गर्ने क्रममा लैङ्गिक समानता र सामाजिक समावेशिता को पक्ष मा ध्यान पुराउनै निक्कै महत्वपूर्ण छ । यसका अतिरिक्त कार्यान्वयन गराउने संस्था (Implementing Grantee)ले लाभग्राहीं छनौटका क्रममा अपाङ्गता भएको व्यक्ति, गर्भवती र स्तनपान गराउने महिला भएको परिवार, र ज्येष्ठ नागरिकलाई समावेश भएको सुनिश्चितता गराउनु पर्दछ। साथै सम्पूर्ण लाभग्राही मध्ये **कम्तीमा ३५ % महिला** सहभागिता सुनिश्चित गर्न पर्ने छ ।

- बीचैमा काम छोडी जाने (ड्रप आउट) सम्भावित लाभार्थीहरूको बारेमा व्यावस्थापन गर्ने : परियोजनाको समयावधिभित्र लाभार्थीहरुलाई परियोजना अन्तरगत पुरै अवधी टिकाउन अत्यन्तै चुनौतीपूर्ण हुन्छ । त्यसैकारण, Implementing Grantee ले सम्भावित ड्रप आउटको सोधभर्ना सूची (जगेडा) सुनिश्चित गरी आउनसक्ने जोखिमहरूको न्यूनिकरण गर्नुपर्दछ ।

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

# Economic Recovery Project- TAYAR

## तयार परियोजना

## कामका लागि नगद योजना छनौटको मापदण्ड

**१. परिचय**

यो निर्देशिका १२ वटा नगरपालिकाका दैनिक ज्यालादारी मजदुरी गर्ने, विदेशबाट फर्किएका आप्रवासी, गरिब, महिला र अन्य बहिस्कृत तथा अति संकटासन्न र कोभिड १९ बाट उच्चतम प्रभावित व्यक्तिलाई केन्द्रित गरी जीविकोपार्जनमा सहयोग पुर्याउनका लागि कामका लागि नगद प्रदान गर्ने कार्यक्रम कार्यान्वयन का लागि तयार गरिएको हो। यस कार्यक्रमले अत्यन्तै गरिब र दैनिक ज्यालादारीबाट कमाउने घरपरिवारलाई आफ्नो जीविकापार्जनका लागि सहयोग पुर्याउन कामका लागि नगद कार्यक्रम मार्फत नगद प्रेषण कार्यान्वयनमा केन्द्रित गर्दछ।

**२. उद्देश्य**

- ❖ सामुदायिक पूर्वाधारहरुको मर्मत सम्हार तथा निर्माण/पुनर्निर्माणको माध्यमबाट रोजगारीको सृजना गर्ने।
- ❖ सामुदायिक पूर्वाधारहरुलाई अझ कृयाशील र दिगो हुन सहयोग पुर्याउने।
- ❖ सीप हस्तान्तरणको माध्यमबाट जीविकोपार्जनको प्रवर्द्धन गर्ने।

**३. सम्भावित योजनाका विवरण**

**❖ सिंचाई योजनाहरू**

- सिंचाईका लागि नहरहरू (कुलो /पैनी) को निर्माण तथा पुर्नस्थापना
- पानी को मुहान र पोखरी को संरक्षण तथा मर्मत सम्भार

**❖ खानेपानी आपूर्ति सम्वन्धि योजनाहरू**

- ग्रामीण खानेपानी प्रणालीको निर्माण तथा पुर्नस्थापना र पाइप लाइनको विस्तार
- खानेपानी स्रोत संरक्षण

**❖ पैदल मार्ग**

- पैदल मार्ग निर्माण तथा पुर्नस्थापना

**❖ बायो ईन्जिनियरिङ**

- बाढी तथा पहिरोको नियन्त्रण
- नदी किनार संरक्षण

नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

- वृक्षारोपण

❖ **भिरालो जमीनको स्थिरिकरण**

- भिरालो स्थिरिकरणको लागि न्युनिकरणका उपायहरू सम्वन्धि निर्माण (गेबियन तारजाली बक्स, भित्ता रिटेन्सन पर्खाल , वृक्षारोपण आदि)

❖ **अन्य**

- फोहोरमैला व्यवस्थापन
- मोटर गुड्ने बाटो को दुवै तर्फको नाली को सरसफाई, नियमित रूपमा प्रयोग हुने ग्रामीण सडकहरूको मर्मत
- ढल (ड्रेनेज) व्यवस्थापन
- सामुदायिक पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भार र
- स्वास्थ्य र सरसफाइ जन्य कार्य,

**४. योजनाहरूको छनौटः**

१) प्रत्येक नगरपालिकाका दुई योजना (कम्तीमा) को लागि योजनाको अनुमानित लागत रकम १३,२०० डलर भन्दा बढी हुनु हुँदैन । उक्त वजेटमा निर्माण सामग्री र सुरक्षा उपकरणको लागत मात्र समावेस हुन्छ । सुरक्षा उपकरणहरूमा पीपीई र c4W श्रम उपकरण (गइती, बेल्चा, बुट, ग्लोभ्स, हेलमेट, मास्क, सेनिटाइजर, फेस शिल्ड) को खरीद समावेश गर्दछ । यी योजना ले न्यूनतम सामग्रीको प्रयोग गरी अधिकतम श्रमिकहरुको परिचालन गर्नुपर्दछ ।

२) प्रति नगरपालिका योजना संख्या कम्तीमा दुईवटा हुनैपर्दछ र बढी पनि हुन सक्दछ ।

३) योजनाहरूले प्रति पालिका ३६५४ श्रम दिन बराबरको लक्षित लाभग्राही कामदार परिचालन गर्न सक्ने हुनुपर्दछ । जसमा प्रति पालिका जम्मा २०३ जनाले कामका लागि नगद कार्यक्रममा काम गर्नेछन् । एक जनाले १८ दिन सम्म फिल्डमा काम गर्ने छन् र २ दिन ज्याला लिन जान आउनको लागि गरी जम्मा २० दिनको भूक्तानी पाउनेछन् ।

४) निम्न अनुसारको आधारमा योजनाहरू प्राथमिकता दिइनु पर्दछ ।

- योजनाले अति संकटासन्न समुदायलाई बढी लाभ पुर्याइनु पर्दछ ।
- योजना दिगो हुनुपर्दछ र समुदायहरुलाई दीर्घकालीन आर्थिक लाभ प्रदान गर्नुपर्दछ ।
- योजनाहरूले ठूलो जनसंख्यालाई लाभ पुर्याउनु पर्दछ ।

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
प्रदेश नं.२, नेपाल

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

- योजनाले समुदायकको सामाजिक र आर्थिक स्थितिमा प्रतक्ष्य योगदान पुर्याउने हुनुपर्दछ ।
- योजनाले वातावरण संरक्षण र विपद जोखिम न्युनिकरणमा सहयोग पुर्याउनु पर्दछ ।

५) योजना कामका लागि नगद कार्यक्रमका समयमा सम्भावित विपदबाट सुरक्षित हुनुपर्दछ ।

६) सरोकारवालाई अनुमानित  लागत, आवश्यक जनशक्ति (दक्ष,अदक्ष), स्थान, यस अघि प्रस्तुत गरिए अनुसार नै योजनाको वारेमा विस्तृत जानकारी प्रदान गर्नु आवश्यक छ ।

७) योजनाहरू छनौट गर्दा छरिएको (स्क्याटर) विधि भन्दा एकत्रित (क्लस्टर) विधि उपयुक्त हुन्छ ।

८) अति संकटासन्न समुदायहरु बसोबास गर्ने क्षेत्रहरुमा योजनाहरु लक्षित गरिनु पर्ने छ ।

९) योजनाहरूको प्रारम्भिक चरणदेखि सम्पुर्ण चरणहरुको स्वीकृति गर्नु आवश्यक छ । यो स्वीकृतीको अर्थ फील्डमा योजना छनौट, ढाँचा तर्जुमा र लागत अनुमान र कार्यान्वयन गर्ने निकायद्धारा योजनाको समापन सम्पुर्ण चरणहरुको स्वीकृति हुन् ।

१०) योजना समुदायको वास्तविक आवश्यकतामा आधारित हुनुपर्दछ र समुदायको यसमा उच्च रुपमा अपनत्व हुनुपर्दछ । जसले गर्दा योजना सम्पन्न भई सकेपछि यसको राम्रो व्यवस्थापनका साथै संरक्षण र दिगोपना को सुनिश्चिता हुन्छ ।

११) योजना स्थानीय सरकार को पनि प्राथमिकतामा परेको चयन गर्नुपर्दछ ।

१२) यस कामको लागि नगद योजनामा समुदायले सामान्यतया स्वयंसेवाका रुपमा गर्ने गरेका कार्यहरु छनौट गर्नु हुदैन ।

१३) योजना मा महिलाको सकृय सहभागिता लाई रोक्ने कुनै पनि प्रावधान हुनु हुदैन ।

१४) योजनामा सहभागी छनौट गर्दा र बराबर ज्याला प्राप्त गर्न लिंग, बैवाहिक स्थिति, जातिय समूह, धर्म,वा उमेर कुनै पनि आधारमा भेदभाव नहुने सुनिश्चितता गर्ने ।

१५) योजनामा छनौट गर्दा बच्चालाई दुध खुबाउने महिला, वृद्धवृद्धा र अशक्तता भएको व्यक्तिले सजिलै र सहजता पुर्वक काम गर्ने गरीको छनौट गर्नु पर्दछ ।

१६) योजना छनौट गर्दा, कार्य क्षेत्र विशेषत महिला सहभागीलाई उपयुक्त हुने, सुरक्षित वातावरण भएको हुनु पर्दछ । कार्य क्षेत्र को छनौट गर्नु अघि सुरक्षा मूल्यांकन गरी यातायात र बालबच्चा हेरचाह गर्ने स्थान नजीकै हुने गरी ध्यान पुर्याउनु जरुरी हुन्छ ।